स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री साम्राज्ञी आरएल शाहको डेब्यू जति सुखद भयो, त्यसपछिको यात्रा सहज देखिएको छैन । उनका एकपछि अर्को फिल्म असफल भइरहेका छन् । अभिनयमा पनि उनको परिपक्वता देखिन सकेको छैन । अब उनको आशा भनेको फिल्म 'लण्डन टू पेरिस'मा छ, जुन आगामी जेठ २५ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा उनको जोडी नव अभिनेता निश्चल खड्कासँग बाँधिएको छ । निर्देशक घनश्याम लामिछाने फिल्मका लागि साम्राज्ञीलाई ७ महिना कुरेको बताउँछन् ।

**आजको विचार...**



खिमलाल देवकोटा

लोकतन्त्रका...

*(दुई पेजमा)*



गायक प्रकाश सपुतको गीत 'सकम्बरी'मा फूलमायाको भूमिकाबाट चर्चा छाएकी मोडल कुसुम शर्मा फिल्म 'वर एन्ड बधू'मा अभिनेत्रीको रूपमा देखिने भएकी छन् । निर्देशक मिलन चाम्सले फिल्मको अभिनेत्रीको रूपमा कुसुम भित्रिएको जानकारी दिए । तर उनको भूमिका भने खुलाइएको छैन । पहिलो चरणको छायाँकन सकिएको फिल्मको दोस्रो चरणको छायाँकन वैशाखको ३ गतेबाट सुरु हुनेछ । शर्मा दोस्रो चरणको छायाँकनमा सहभागी हुनेछिन् । शर्मा यस अगाडि फिल्म 'सञ्जीवनी'मा अभिनेत्रीको रूपमा अनुबन्धित भएकी थिइन् ।

❑ वर्ष २९ ❑ अंक २५२ ❑ २०८० चैत २९ गते बिहीबार 11 April 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# विपक्षी सांसदबाट संसद् अवरुद्ध

## बैंठक चल्न नदिने अडान लिएपछि बैठक स्थगित

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत २८/प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र अन्य विपक्षी दलहरु राप्रपा र लोसपाका सांसदहरूले संघीय संसद् प्रतिनिधिसभा बैठक अवरुद्ध गरेका छन् । बुधबार बसेको प्रतिनिधिसभा बैठकमा प्रमुख प्रतिपक्षी दल काँग्रेससहितका विपक्षी दलहरूले विरोध जनाएका हुन् ।

प्रतिनिधिसभामा काँग्रेसले सहकारी घोटालाको छानबिन गर्नका लागि संसदीय समिति बनाउनुपर्ने माग गर्दै आएको छ । राप्रपाले मंगलबार आफ्नो पार्टीको प्रदर्शनमा भएको प्रहरी दमनको विरोधमा बैठकमा उभिएर अवरोध गरेको थियो । त्यस्तै राप्रपाले सहकारी घोटालाको पनि छानबिन गर्नुपर्ने माग गरेको छ । बैठकमा सुरु भए लगत्तै दलका नेताहरूले आफ्नो धारणा राख्न सभामुखले समय दिएका थिए । धारणा राखेपछि प्रतिपक्षी दलका सांसदहरूले उभिएर अवरोध गरेका थिए । विपक्षी सांसद्ले बैठक



चल्ने नदिने अडान लिएपछि सभामुख देवराज घिमिरेले वैशाख २ गते सम्मका लागि बैठक स्थगित गरेका छन् ।

बैठकको प्रारम्भमै प्रतिपक्ष दलका सांसदहरुले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेका कारण सहकारीपीडितले न्याय पाउन नसकेको आरोप लगाएका थिए भने सत्तापक्षका सांसदहरुले बिना आधार व्यक्तिकेन्द्रित भएर प्रहार नगर्न आह्वान गरेका थिए । कांग्रेसका सांसद रामहरी खतिवडाले सहकारी ठगी प्रकरणमा कांग्रेसले कसैलाई दोषी करार नगरेको दाबी गरेका छन् । उनले कांग्रेसले ठगीको आरोप लागेकाहरुमाथि छानविन गर्न संसदीय समिति गठन मात्रै आफूहरुको माग रहेको बताए । खतिवडानले काठमाडौं, बुटवल, पोखरा, भैरहवा र चितवनका सम्पूर्ण सहकारीबाट अर्बौं पैसा अपचलन गरेर गोर्खा मिडिया प्रा.लि.का नाममा एक अर्बभन्दा बढी पैसा जम्मा गरिएको र सो प्रा.लि.को प्रवन्ध निर्देशक रवि लामिछाने रहेको सत्य सबैको सामु छर्लङ्ग रहेको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्रबहादुर शाहीले गृहमन्त्री लामिछानेले निशेधाज्ञा जारी गर्नु अभिव्यक्तिको स्वतन्त्रतामा प्रहार गरेको आरोप लगाए । उनले मंगलबार राप्रपाको प्रदर्शनीमा आफ्ना कार्यकर्तामाथि गृहमन्त्रालयबाट ज्यादति भएको समेत आरोप लगाए । 'हामी शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्छौं । तर हिजो भएको प्रदर्शनीमा हाम्रो १८ जना कार्यकर्तामाथि सुरक्षाकर्मीको प्रहारले अस्पताल भर्ना भएका छन्', उनले भने । लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रामप्रकाश चौधरीले सहकारी ठगी प्रकरणको छानबिन गर्न संसदीय छानबिन समिति बनाउनुपर्ने माग गरेका छन् । उनले सहकारीबाट धेरै नागरिक पीडित भएको भन्दै तुरुन्त संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गरे ।

सांसद चौधरीले २०७५ सालमा गोरे भन्ने व्यक्तिको नेतृत्वमा भएको ३८ किलो सुन तस्करी प्रकरणको छानबिन समितिले दिएको प्रतिवेदन सार्वजनिक गर्न माग गरे । प्रतिनिधिसभाको अर्को बैठक आगामी वैशाख २ गते आइतबार बिहान ११ बजे बस्नेछ ।

## संक्षिप्त समाचार

### उपनिर्वाचन आचारसंहिता लागू

**पाल्पा,** चैत २८/वैशाख १५ गते हुने उपनिर्वाचनका लागि निर्वाचन आचारसंहिता लागू भएको छ । इलाम क्षेत्र नम्बर २ र बझाङ १ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर (१)मा हुने उपनिर्वाचनलाई बुधबारदेखि आचारसंहिता लागू भएको हो ।

निर्वाचन आयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउन आचारसंहिता लागू गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ बमोजिम आचारसंहिता लागू हुने निकाय, अधिकारी, राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्षले उक्त आचारसंहिताको पालना गर्नुपर्ने छ । निर्वाचन आचारसंहिता मतदान सम्पन्न नहुन्जेलसम्म लागू हुनेछ । मतदान आगामी वैशाख १५ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म निर्धारण गरिएको छ ।

४ मंसिर २०७९ मा भएको आम निर्वाचनमा इलाम क्षेत्र नं. २ बाट निर्वाचित नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङको भदौ २५ गते र बझाङ क्षेत्र नम्बर १ (१) बाट निर्वाचित नेपाली काँग्रेसका नेता पृथ्वीबहादुर सिंहको गत असार ५ गते गाडी दुर्घटनामा निधन भएपछि रिक्त भएका स्थानमा उपनिर्वाचन हुन लागेको हो ।

# राष्ट्रियसभा उपाध्यक्षमा घिमिरे



**पाल्पा,** चैत २८/राष्ट्रियसभाको उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद बिमला घिमिरे निर्वाचित भएकी छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा उपाध्यक्ष पदको मतविभाजनका माध्यमबाट सम्पन्न निर्वाचनमा ३९ मतसहित घिमिरे निर्वाचित भएकी हुन् ।


घिमिरेको पक्षमा बहुमत आएपछि अध्यक्ष नारायण दाहालले उनलाई राष्ट्रिय सभा उपाध्यक्षमा निर्वाचित भएको घोषणा गरेका थिए । बैठकमा ५५ जना सांसद उपस्थित थिए । यसअघि नेपाली काँग्रेसकी विष्णु देवी पुडासैनीलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो । उनको पक्षमा १६ मत र विपक्षमा ३९ मत खसेको थियो । निर्विरोध निर्वाचित भएकी राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्यालले चैत १५ गते राजीनामा दिएपछि पद रिक्त थियो । एमाले सम्मिलित नयाँ समीकरण बनेपछि सभाको अध्यक्ष माओवादी केन्द्रले लिने र उपाध्यक्ष एमालेले पाउने सहमति भएको थियो । सोहीअनुसार माओवादी केन्द्रका नारायणप्रसाद दाहाल अध्यक्षमा निर्वाचित भएका थिए ।

५९ सदस्यीय राष्ट्रियसभामा हाल माओवादी केन्द्रका १७, कांग्रेसका १६, एमालेका १०, एकीकृत समाजवादीका ८, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाका १/१ जना सांसद छन् । २ जना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुन् । एक जना मनोनीत हुन बाँकी छ ।

# गुल्मीका किसान उखुखेतीतर्फ आकर्षित, उत्पादित खुदो विदेशी बजारसम्म

**तम्घास (गुल्मी),** चैत २८/पछिल्लो समय गुल्मीका किसान उखुखेतीतर्फ आकर्षित भएका छन् । कम लागतमा बढी उत्पादन हुनुका साथै उखुबाट गुँड र खुदो बनाएर बेच्न सकिने भएपछि यहाँका किसान उखुखेतीतर्फ आकर्षित भएका हुन् । जिल्ला गुण र खुदोको लागि प्रख्यात मानिन्छ ।

देशका ठूला सहरका साथै विदेशी बजारमा गुल्मीको गुँड तथा खुदोको माग बढ्न थालेको स्थानीय बताउँछन् । विगतका वर्षमा किसानले परम्परागत खेती गर्दै आएकामा पछिल्लो समय भने उखुको व्यावसायिक खेती गर्दै आएका छन् । कतिपय कृषिजन्य सामग्रीले बजार नपाइरहेका बेला उखुबाट बनेका गुँड र खुदोलाई भने बजारको कुनै समस्या नहुँदा जीविकोपार्जनमा सहजता मिलेको किसान चोलनाथ ज्ञवालीले बताए । 'पहिले-



फाइल फोटो

पहिले बजारको समस्या थियो । अहिले भने कुनै समस्या छैन', उनले भने, 'उखुबाट बनाउने गुँड र खुदो बेचेर घरखर्च सहजरुपमा भइरहेको छ ।'

**विदेशी बजारसम्म गुल्मीको खुदो**

छत्रकोट गाउँपालिकास्थित दिगाम, हर्दिनेटा, खर्ज्याङ, मानकोटका साथै रुरुक्षेत्र गाउँपालिकाको थोर्गा, थानपति लगायत स्थानमा उखुको राम्रो उत्पादन हुने जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## निरन्तर विरोध !

पछिल्ला केही दिन यता सरकारको निरन्तर विरोध भइरहेको छ । प्रतिपक्ष दलहरुले नै सडकदेखि सदनसम्मै सरकारको विरोध गरिरेहका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले सहकारी ठगी प्रकरणमा मुछिएका गृहमन्त्री रवि लामिछाने माथि छानबिनका लागि संसदीय समिति गठन गर्न माग गर्दै संसदमा निरन्तर विरोध जनाउँदै आएको छ । गृहमन्त्री माथि छानबिन हुनुपर्ने बटमलाइनमा रहेको कांग्रेसले निरन्तर सदन अवरुद्ध गरिरहे पनि सरकार भने प्रतिपक्षको आवाज सम्बोधन गर्न अनिच्छुक देखिएको छ । देशभरका सहकारी संस्थामा व्यापक अनियमितता एवं ठगी भएको र लाखौं बचतकर्ताको अर्बौं रकम दुरुपयोग, अपचलन, हिनामिना भएको ठहर गर्दै काँग्रेसले दुई हप्तादेखि निरन्तर सरकारलाई दवाब दिर्दै आएको छ । वर्तमान सरकार सहकारीबाट पीडित भएका लाखौं नागरिकप्रति गम्भीर र संवेदनशील हुन नसकी गैरजिम्मेवार बनेको काँग्रेसको आरोप छ । अर्कोतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि सरकारको विरोधमा सडकमा ओर्लिएको छ । मंगलबार राप्रपाले सडकबाट सरकारको विरोध गरेको छ । विरोधमा उत्रिएका प्रदर्शनकारी माथि प्रहरीले निर्घात कुटपिट गरेका दृश्यहरु समेत आमसञ्चारमा देखिए । यसो हुनु गलत हो । शान्तिपूर्ण रुपमा आफ्ना जायज मागहरु राखेर आन्दोलन गर्न पाउनु उनीहरुको अधिकारको कुरा हो । यसमा प्रदर्शनकारीमाथि कुटपित गर्न लगाउनुले सरकारको गैरजिम्मेवारीपना प्रष्ट हुन्छ ।

सरकारको प्रवृत्ति, शैली र सरकारका कर्मचारीबाट पाएको दुःख सरकारले नै दिएको दुःख हो भन्ने कुरा आमनागरिकले ठानेका हुन्छन् । यतिमात्र होइन सरकारको तल्लो निकायबाट समेत जेजस्ता व्यवहार र कार्य हुन्छन् ती सबैको जिम्मेवारी संघीय सरकारले लिनुपर्छ भन्ने भावना आमनागरिकमा छ । यो स्वभाविक पनि हो । सरकार नागरिकको अभिभावक हो । नागरिकका पक्षमा उठेका सवालहरुमा सरकार गम्भीर बन्नुपर्छ । प्रतिपक्षदल काँग्रेसले उठाएका मागहरु जनताकै पक्षमा छन् । ति माग सम्बोधन गर्ने कुरामा सरकार किन चुक्दै छ ? छानविन समिति बनाउँदैमा सरकारलाई के को टाउँको दुखाई भो ? लोकतान्त्रिक शासन व्यवस्थामा सरकारको आलोचना र विरोध हुनु स्वभाविक हो । तर सरकारले आलोचना र विरोधलाई सहज ढंगले समाधान गर्न पहल गर्न आवश्यक छ । आफुमाथि लागेका आरोपहरुलाई पुष्टाई गर्नका लागि पनि सरकारले स्वतस्फूर्त रुपमा छानविन गर्न दिनुपर्छ । सरकारले संसदमा निरन्तर विरोध गर्दै आएको काँग्रेस र सडकमा आन्दोलन गर्दै आएको राप्रपाका मागहरुलाई तत्काल सम्बोधन गर्ने दिशामा लाग्न जरुरी छ ।

## Opinion @ Social Network

जिउँदो हुँदा सम्म हो अरुको सानो कुराले मन दुख्ने,
मरेपछि त आगोले पोल्दा पनि दुख्दैन ।
*(शिव कार्कीको फेसबुकबाट https://www.facebook.com.Karki Jii)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्रका मानक राष्ट्र कहाँ छन्, नेपाल कहाँ छ ?



**खिमलाल देवकोटा**

सन् १९४७, जतिवेला भारत स्वतन्त्र हुँदैथियो, नेपालमा राणाशासन अन्त्यको आन्दोलनको सुरसार हुँदैथियो । उता चीनमा जनवादी गणतन्त्रको जग बसाल्ने सुरसार मात्रै हुँदैथियो । बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले ऐलान गरिदिए कि यो पापी दुनियाँमा धेरै प्रकारका सरकारहरूको अभ्यास र परीक्षण भयो तर कसैले पनि यो दाबी गर्न सक्दैन कि लोकतन्त्र विवेकी र उत्कृष्ट व्यवस्था भएका कारणले यसलाई अपनाइएको हो । योभन्दा असल व्यवस्था नभएका कारणले यसलाई अनुसरण गर्नु परेको हो । चर्चिलले यस्तो ऐलान गरेको आज ७७ वर्ष पुग्यो । तर त्यही खराब भनिएको व्यवस्था आजको दुनियाँमा लोकतन्त्रको निम्ति असल मानक बनेको छ । त्यही खराब व्यवस्थाको पनि परिपालना भएन भन्ने दुनियाँको चिन्ता छ । त्यसै चिन्ताका वरिपरि भौंतारिएको नेपाली लोकतन्त्रका बारेमा चर्चा गर्ने प्रयत्न यस लेखमा गरिएको छ । नेपालको लोकतन्त्रको चर्चा गर्नुभन्दा अघि विश्व लोकतन्त्रको चर्चा गरौं । विश्व लोकतन्त्रको मानक बनाइएको मुलुक अमेरिका जहाँ लोकतन्त्रको ६०औं चुनावको सरगर्मी चलेको छ । चुनावका मुख्य हस्तीका रूपमा अघिल्लो निर्वाचनमा दोस्रो जित हासिल गर्न नसकेका डोनाल्ड ट्रम्प मैदानमा छन् । उनका प्रतिस्पर्धीका रूपमा अघिल्लो चुनावमा उनै ट्रम्पलाई हराएका जो बाइडेन पुन: मैदानमा उत्रिने भएका छन् ।

सबैलाई भलिभाँती जानकारी नै छ कि सन् २०२० को निर्वाचनमा धाँधली भयो भन्ने आरोप लगाउने ट्रम्प यस पटकका पनि सम्भावित उम्मेदवार हुन् । आगामी चुनावमा पनि परिणाम आफ्नो पक्षमा नपरेमा निर्वाचन प्रक्रिया बिथोल्ने, निर्वाचन परिणाम अस्वीकार गर्ने र सोका निम्ति जुनसुकै हर्कत गर्न पनि पछि नपर्ने निर्वाचन सुरक्षा विज्ञहरूले चेतावनी दिएका छन् । यति मात्र हैन, सन् २०२० कै चुनावमा विदेशी हस्तक्षेप त्यसमा पनि रूसी हस्तक्षेपको आरोप लागेको थियो । सो सम्भावना आगामी निर्वाचनमा झन् बढेर जानेछ । वैदेशिक हस्तक्षेपको सम्भावना काफी मात्रामा छ भन्ने संकेतहरू देखिन थालेका छन् । एकातिर अमेरिकाको घरेलु राजनीति गहिरो संकटबाटै गुज्रिएको छ भने अर्कोतिर अनियन्त्रित सामाजिक सञ्जाल प्रयोगको दुरुपयोग, त्यसमाथि प्रतिबन्ध लगाउन गरिने तमाम प्रयत्नहरू झगडाको बीउहरू रहने छन् । सबैभन्दा खतरनाक सम्भावना त आर्टिफिसियल इन्टेलिजेन्टको उदयको छ जसको प्रयोग र दुरुपयोगको प्रतिस्पर्धामा चुनावी परिणाम भर गर्नेछ । अप्रिल फुलकै दिन पारेर न्युयोर्क टाइम्सले केही समाचार छाप्यो । उसले दाबी गऱ्यो कि चिनियाँ र रूसीहरूले अमेरिकाको निर्वाचनका विरुद्ध षड्यन्त्र गर्दैछन्, सामाजिक सञ्जालहरूमा ट्रम्प समर्थक थुप्रै नक्कली खाताहरू खोलेर भ्रमपूर्ण सूचनाहरू सम्प्रेषण गर्दैछन् । यतिसम्म भ्रमपूर्ण सूचना कि चुनाव अघि नै नोभेम्बरमा नै राष्ट्रपति वाइडेनमाथि आक्रमण हुनेछ, युक्रेन युद्ध भड्काउने बारेमा कुराहरू भएका छन् र नाटोबाट फिर्ता हुने डोनाल्ड ट्रम्पको योजना सार्वजनिक हुनेछ लगायत । यस्ता समाचारहरूले अमेरिकी आन्तरिक राजनीति र सुरक्षाको आकलन गर्न सकिन्छ । गर्भपतन, आप्रवासी समस्या, अमेरिकी अर्थतन्त्र जस्ता राजनैतिक मुद्दाहरू अब ओझेल पर्नेछन् भन्ने पूर्वानुमान हुँदैछ । अब राजनैतिक एजेन्डामा चुनाव हुन कठिन छ । धाँधली, बल प्रयोग, कब्जा, षड्यन्त्र र विपक्षीको शारीरिक वा चारित्रिक हत्या अब बलशाली साधन बन्न थालेका छन् । अमेरिकाको आमने-सामनेमा युद्ध मैदानमा रहेको अर्को मुलुक हो रसियन फेडेरेशन जहाँ विगत वर्षदेखि नै भ्लादिमिर पुटिन राष्ट्रपतिका रूपमा छन् । त्यो मुलुकमा पनि भर्खरै मार्च १५ देखि १७ सम्म निर्वाचन सम्पन्न भयो । यो आठौं राष्ट्रपतीय निर्वाचन थियो । पाँचौं कार्यकालका लागि लडेको निर्वाचनमा कुल खसेको मतको ८८ प्रतिशत मत पुटिनले प्राप्त गरे । उनका प्रतिद्वन्द्वीले भने जम्मा ४ प्रतिशत मात्रै मत प्राप्त गरे । आगामी मे महिनाको ७ तारिखमा उनले पाँचौं कार्यकालका लागि राष्ट्रपतिका रूपमा पदभार पुन: ग्रहण गर्नेछन् । निर्वाचनका लागि युद्ध विरोधी मञ्चका नेताको रूपमा पूर्व सांसद वोरिस, रूसी कम्युनिस्ट पार्टीका नेता निकोले खारिटोनोभ, लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद, न्यु पिपुल्स पार्टीका भ्लादिस्लाव समेतले उम्मेदवारी घोषणा गरेर चुनावी मैदानमा उत्रिएका थिए । तर निर्वाचन आयोगले तिनको उम्मेदवारी विभिन्न कारण देखाउँदै रोकेको थियो । प्रमुख प्रतिद्वन्द्वीका रूपमा देखिएका एलेक्सेई निर्वाचनको दौरानमा पक्राउ गरी जेलमा राखियो र पछि उनको जेलमा नै मृत्यु भयो । अन्य निर्वाचनमा खडा भएका उम्मेदवारहरूको मनोनयनपत्रमा समर्थक र प्रस्तावकहरूको वैधतामाथि प्रश्न उठाउँदै उनीहरूको उम्मेदवारी खारेज गर्ने काम निर्वाचन आयोगले गरेको थियो ।

अन्तत: निर्वाचनमा खडा भएका चार मध्ये एकको उम्मेदवारी खारेज, एक निर्वाचनका बखत पक्राउ गरी जेल चलान गरेकोमा जेलमा नै मृत्यु, बाँकी रहेका दुईमध्ये एक निकोलाई खारिटोनोभ कम्युनिस्ट नेताले ३७ लाख ६८ हजार ४७० मत अर्थात् ४.३७ प्रतिशतका विरुद्ध भ्लादिमिर पुटिनले ७ करोड ६२ लाख ७७ हजार ७०८ अर्थात् ८८.४८ प्रतिशत मत प्राप्त गरी विजयी घोषणा गरिएको अवस्था छ । यो निर्वाचनका बारेमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको टिप्पणी निकै कडा छ । अर्को शक्तिशाली मुलुक भारत जहाँ निर्वाचनको माहौल जारी छ । लामो समयदेखि नै नरेन्द्र मोदी प्रधानमन्त्रीका रूपमा छन् । यतिबेला उनी चौधौं प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हाल्दै छन् । अबको निर्वाचनवाट उनी पन्ध्रौं प्रधानमन्त्रीका रूपमा भारतको नेतृत्व गर्ने करिब करिब निश्चितै छ । निर्वाचित अधिनायकवादीका रूपमा उदाएका मोदी विपक्षीप्रतिको असहिष्णु व्यवहारका कारण आलोचित बन्दै आएका छन् । जतिसुकै आलोचित भए पनि सामाजिक सञ्जाल माथिको कब्जा, सञ्चारमाध्यम उपरको एकाधिकार र विपक्षीमाथिको कारबाहीको डण्डा उनका चुनाव जित्ने हतियार बनेका छन् । सन् २०२३ को अन्त्यसम्ममा एकै अधिवेशनमा १४६ सांसदहरू निलम्बन भए । निलम्बनको कारण सरकारको विरोध गरेर सुरक्षा र व्यवस्थामा खतरा पुऱ्याउन खोजेको भन्ने थियो । त्यसो त राजिव गान्धी प्रधानमन्त्री भएका बखत सन् १९८९ मा ६३ सांसदहरू निलम्बनमा परेको अवस्था भने थियो ।

निर्वाचनकै दौरानमा मोदीलाई टक्कर दिनसक्ने ठानिएका आम आदमी पार्टीका नेता तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल अहिले जेलमा छन् । सन् १९५० मा जन्मिएका सन् २००० मा गुजरातको मुख्य मन्त्री हुँदा गुजरात काण्डमा दोषी ठहर भई अमेरिका लगायतका मुलुकहरूले भिसा अस्वीकार गरेका उनै नरेन्द्र मोदी २०१४ मा प्रधानमन्त्री भएदेखि निरन्तर सत्तामा र निरन्तर प्रधानमन्त्रीका रूपमा छन् । यसपछिको निर्वाचनमा पनि विजयी भई एकल बहुमतको प्रधानमन्त्री हुने पक्का जस्तै छ । मोदीको लगातार जित तर, यो जनादेशलाई लोकतन्त्रको मृत्यु र तानाशाहीको विजयका रूपमा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले उद्धृत गर्ने गरेका छन् । अमेरिका वेस फ्रिडम हाउस रिपोर्ट २०२४ ले भारतलाई अर्ध स्वतन्त्रता भएको देशका रूपमा उल्लेख गर्दै एक खराब अधिनायकवादी मुलुकको मार्गमा उद्यत रहेको बताएको छ । स्विडेन आधारित एक संस्थाले सन् २०१८ मा नै निर्वाचित निरंकुश शासकका रूपमा चित्रित गरेको थियो । इकोनोमिक इन्टेलिजेन्ट युनिटले आफ्नो लोकतन्त्रको सूचकांकमा २०२२ मा नै भारतलाई फल्टी लोकतन्त्रका रूपमा चित्रित गरेको थियो । निर्वाचित अधिनायकवादीहरूका बीचमा नेपाल छ । उत्तर छिमेकी चीन कम्युनिस्ट मुलुक भइकन पनि मिति नबिराइकन पाँच वर्षमा पार्टीको महाधिवेशन हुने र हरेक पाँच वर्षमा हुने महाधिवेशनमा एकतिहाइ सदस्य बिदा हुने अर्को एक तिहाइ सदस्य नयाँ आउने र हरेकको कार्यकाल अधिकतम दुई कार्यकाल मात्रै हुने कुराले सबैका लागि अवसर भन्ने स्थापित गरेको थियो तर सी जिङ पिङको उदयपछि उनको हकमा यो अवधि लागू नहुने भएको छ । झन्डै विश्वको आधा जनसंख्या निर्वाचित अधिनायकवादको यात्रामा लिप्त छ । संसारमा यतिवेला दक्षिणपन्थ हावी छ । त्यसै सेरोफेरोमा नेपाल छ । नेपाल जस्ता मुलुकहरूले लोकतन्त्रको मानक बनाउने मुलुक तिनै हुन्, अरू छैनन् । भारतलाई सबैभन्दा ठूलो लोकतन्त्र, अमेरिकालाई प्रतिस्पर्धी लोकतन्त्र, चीन र रूसलाई आधुनिक लोकतन्त्रको क्याटेगोरीमा राख्न नेपाल बाध्य छ । उपरोक्त पृष्ठभूमिमा नेपालको लोकतन्त्रका बारेमा चर्चा गर्नु पर्दा हामीलाई दु:ख लाग्छ । तर त्यो स्तरको स्खलन नेपालमा आएको छैन भन्न करै लाग्छ । तैपनि हामी नेपालको लोकतन्त्रका बारेमा वाक्क भएका छौं । नेपालको निर्वाचन प्राणाली महँगो भयो, यसलाई बदल्नुपर्छ भन्ने आवाज उठाइरहेका छौं । नेपालको राजनीतिका हजार कमजोरी होलान् तर तिनीहरू आदर्श मानिएका मुलुकका तुलनामा कमै छन् कि भन्नुपर्ने अवस्थामा हामी छौं ।

मुलुक बनेन किन बनेन, बन्छ कि बन्दैन, बन्दैन भन्ने निष्कर्षका आधारमा युवा जमात आदर्श मानेका मुलुकको यात्राका लागि मृत्युमार्ग रोज्न पनि तयार छन् । युवाहरूले स्वर्ग ठानेका मुलुकहरूको यो हालतको व्याख्यान पुगेको छैन । त्यो हदसम्मको हर्कत नेपालमा भएको छैन । कमसेकम निर्वाचनमा हारेपछि हारेकालाई जिताइदिन न्यायाधीश नियुक्त गर्ने र ती आफैंले नियुक्त गरेका न्यायाधीशले पनि जिताउन नसकेपछि निर्वाचन घोषणा गर्नुभन्दा अघि सभामुखलाई आक्रमण गरेर ज्यान लिन सकियो भने निर्वाचन परिणाम घोषणा हुन सक्दैन र नयाँ राष्ट्रपतिको निर्वाचन भए पनि निर्वाचन परिणाम घोषणा नभएका कारणले आफ्नो राष्ट्रपतीय पदको निरन्तरता हुने आशाले जे पनि गर्ने काम नेपालमा भएको छैन र हुँदैन सायद । निर्वाचित राष्ट्रपतिलाई सुरक्षा ब्रिफिङ नगर्न र गर्न लागेमा हस्तक्षेप गर्नेसम्मका काम पनि नेपालमा भएको छैन र हुँदैन सायद । यो तथ्य आज भोलि अमेरिका जान ठिक्क परेका युवाहरूका लागि झुटा लाग्ला तर यो दिनको घाम झैं छर्लङ्ग भएको सत्य हो भन्ने कुरा बताइदिनुपर्छ । अब यसो हो भने आफ्नै मानक तयार गरेर लोकतन्त्रको विकास र अभ्यास गर्ने र राष्ट्र निर्माणमा जुट्ने विकल्प बाँकी छ । यसै विकल्पका लागि जनमत तयार गरौं । विश्वका समृद्ध भनिएका र आदर्श मानिएका मुलुकहरू पनि दुर्दशाले घेरिएका छन् । त्यो दुर्दशाको आगोमा पिल्सिनुभन्दा आफ्नै मुलुकमा पसिना बगाउन बेस भन्ने भाष्यको विकास गर्ने कि ?

***-अनलाइन खबर डटकम***

**महत्वपूर्ण टेलिफोन**

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२१११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |


**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : नयाँ वस्त्र प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **वृश्चिक** : राजनीति अधिकारमा सफलता मिल्नेछ । प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : शिक्षामा सफलता मिल्ला । धनमाल पनि हात लाग्न सक्नेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **मकर** : चिन्ताले सताउने छ । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । व्यवसायमा लाभ नै मिल्नेछ । |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । | **मीन** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाइनेछ । |




विचार

# बालबालिका माथि अत्यधिक निगरानी र नियन्त्रण किन राम्रो होइन ?




अभिभावकत्व सजिलो काम होइन । बालबालिकाको राम्रो हेरचाह गर्नेदेखि लिएर उनीहरूलाई हरेक राम्रा-नराम्रा कुरा बुझाउनेसम्म आमाबुवाका लागि गाह्रो काम हो । धेरै पटक बच्चाहरूले जानेर वा नजानेर गलत कदम चाल्छन् र यसले गर्दा धेरै अभिभावकको तनाव बढ्छ। यी सबै कुराहरूबाट बचनको लागि, धेरै आमाबाबुले दिनको २४ घण्टा आफ्ना छोराछोरीमाथि नजिकबाट निगरानी राख्छन् । उनीहरू खानपानदेखि लिएर बालबालिकाको सुत्ने र ब्युँझनेसम्म सबै कुराको ख्याल राख्छन् ।

यसो गर्नु राम्रो कुरा हो । तर यसले छोराछोरीमा नराम्रो असर पर्छ भन्ने कुरा धेरै अभिभावकलाई थाहा नहुन सक्छ । बच्चाहरूलाई अत्यधिक निगरानी र नियन्त्रण गर्ने बानीलाई विज्ञहरूले हेलिकप्टर पेरेन्टिङ भनेका छन् । द क्लिभल्याण्ड क्लिनिकले हेलिकप्टर पेरेन्टिङलाई प्राय: ओभरपेरेन्टिङ भनेर व्याख्या गरेको छ । आफ्नो बच्चाको हरेक गतिविधिमा सधैं नजर राख्ने र उसको वरिपरि घुमिरहने अभिभावकहरू, त्यसलाई हेलिकप्टर पेरेन्टिङ भनिन्छ । अभिभावकहरूले आफ्ना छोराछोरीमाथि सधैं नजर राख्नु राम्रो हुन्छ भन्ने ठान्छन् तर स्वास्थ्य विशेषज्ञ र अनुसन्धानका अनुसार अभिभावकको यो विधिले बालबालिकाको विकासमा बाधा पुऱ्याउन सक्छ । बालबालिकाको जीवनमा अत्यधिक हस्तक्षेप र उनीहरूको हरेक गतिविधि र वार्तालापको निगरानी उनीहरूको विकासका लागि राम्रो मानिँदैन । यसका कारण बालबालिकाको छिटो विकास हुन सक्दैनन् र कहिलेकाहीँ उनीहरूको मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्छ । यस प्रकारको अभिभावकत्वका फाइदाहरू पनि छन्, तर यसले हानिहरू पनि निम्त्याउँछ । हेलिकप्टर पेरेन्टिङका कारण बच्चाले आफैं चुनौतीहरूको सामना गर्न असक्षम र असहज महसुस गर्छन् । बच्चाहरूले अक्सर गल्ती गर्छन् र तिनीहरूबाट धेरै महत्त्वपूर्ण कुराहरू सिक्छन्, तर अभिभावकत्वको यो विधिमा बच्चाहरूले गल्ती गरेर आफैं पाठ सिक्न सक्षम हुँदैनन् । उनीहरूलाई गल्ती गर्ने मौका दिइँदैन । हेलिकप्टर पेरेन्टिङका कारण बालबालिकाहरू सामाजिक व्यवहार गर्न सक्दैनन् र मानिसहरूका अगाडि हिचकिचाउँछन् । छोराछोरीले आफ्ना साथीहरूलाई आमाबाबुसँग परिचय गराउन सहज महसुस गर्दैनन् । बच्चाहरू ठुलो हुँदै जाँदा समस्याहरू आफैं समाधान गर्ने कला सिक्छन्, तर अति अभिभावकत्वले उनीहरूलाई यो महत्त्वपूर्ण कुरा सिक्नबाट रोक्न सक्छ । यस्ता बालबालिका आफ्ना अभिभावकलाई खुलेर केही भन्न सक्दैनन् र भित्रभित्रै निसास्सिएर बस्छन् । यसले उनीहरूको मानसिक स्वास्थ्य बिग्रन्छ । हेलिकप्टर प्यारेन्टिङ बालबालिकाका लागि मात्र होइन अभिभावकका लागि पनि हानिकारक छ । एक अनुसन्धानले हेलिकप्टर पेरेन्टिङले तनाव, चिन्ता र डिप्रेसन निम्त्याउन सक्छ । यस्ता अभिभावकले बालबालिकालाई मानसिक समस्यातर्फ धकेल्न सक्छन् ।

*-रातोपाटी डटकम*

FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

## फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स

**अनुदान कोषको अवसरबारे सूचना**
**(Notice of Funding Opportunity)**

**प्रकाशित मिति: चैत्र २९, २०८० (April 11, 2024)**

युएसएआईडीको आर्थिक सहयोगमा फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स नेपालमा संचालित फिड द फ्युचर नेपाल अन्तर्गतको पाँच वर्षीय कार्यक्रम हो । यस कार्यक्रमले कृषि सामग्री र प्रविधिको उपलब्धता, पहुँच र प्रयोगमा वृद्धि गरी नेपालको कृषि क्षेत्रको उत्पादकत्व र उत्पादनमा सुधार ल्याउन टेवा पुऱ्याउँदछ।

युएसएआईडी एग्रीकल्चरल इनपुट्सले वार्षिक कार्यक्रम विवरण (अनुदान कोषको अवसरबारे सूचना) सार्वजानिक गर्दै अवधारणा पत्र (Concept Note) पेश गर्नको लागि योग्य तथा अनुभवी आवेदकहरूलाई आह्वान गर्दछ । वार्षिक कार्यक्रम विवरणबारे विस्तृत जानकारी तथा अन्य आवश्यक कागजातका लागि https://drive.google.com/drive/folders/1WxRAx5U4rHA8F8-QWBcN8Tw1FRGSgI85 मा वा तल उपलब्ध गराइएको QR Code Scan गरी हेर्न सकिनेछ । वार्षिक कार्यक्रम विवरण जारी गरेको मितिदेखि एक वर्षसम्म लागु हुनेछ । अवधारणा पत्रहरू समिक्षाको लागि बैशाख २६, २०८१ (May 8, 2024), साउन १६, २०८१ (July 31, 2024), असोज २९, २०८१ (October 15, 2024), पुष १६, २०८१ (December 31, 2024) सम्म पेश गर्न सक्नुहुनेछ । ईच्छुक आवेदकहरूले आफ्ना अवधारणा पत्र र संस्था दर्ता तथा नविकरणको कागजातहरू Grants.Aginputs@winrock.org मा ईमेल मार्फत पेश गर्न सकिनेछ।

अवधारणा पत्रहरूलाई क्रमैसँग मूल्याङ्कन गरिने हुँदा आवेदकहरूलाई यथाशिघ्र आवेदन दिन प्रोत्साहन गर्दछौं ।

समुदायको समृद्ध विविधतालाई स्वीकार गर्दै हामी सबै पृष्ठभूमि, अनुभव र दृष्टिकोणहरू भएका आवेदकहरूलाई अवधारणा पत्र पेश गर्नको लागि प्रोत्साहन गर्दछौं ।

कृषि क्षेत्रमा काम गर्ने निजी क्षेत्रका संस्थाहरूलाई आवेदन दिन उच्च प्रोत्साहन गर्दछौं ।

feedthefuture.gov

USAID
अमेरिकी जनताबाट

निबन्ध — हिमाल 'ओसिरिस'

# हरियो पात

एउटा अनौठो स्थानमा आफूलाई अकस्मात् उभिरहेको पाउँछु । यस्तो अनौठो स्थान यस अघि मैले कहिल्यै पनि देखेको थिइन न त अरु कोहिद्वारा कतै सुनेको नै थिएँ । न त कहिले कल्पना नै गरेको थिएँ । एकातिर म जिल खाएर जिल्ल परिरहेछु भने अर्कोतिर म त्रासैत्रासले भरिएर एकदम चिन्तित पनि भएको छु । आफ्नो वरिपरि टाढा-टाढासम्म हेर्छु । जहिँतहिँ भुइँभरि सुकेका पातपतिङ्गरहरु मात्रै देख्छु । जमिन नै ढाक्ने गरी यति धेरै धेरै अनि धेरै सुकेका पातपतिङ्गरहरु कहाँबाट आए होलान् ? जमिन एकदम बृहत छ । अनि समतल पनि छ । रुखहरु, बोटबिरुवाहरु चाहिँ एउटै पनि देखिँदैन । आकाश हवाङ्डै उदाङ्गो छ । सूर्यको उपस्थिति नभए पनि दिन उज्यालै छ । एकै स्थानमा उभिरह्यो भने निकम्मा सालिक बनिने अनि भनिने भयानक डर हुन्छ । त्यसकारण यो भयानक डरबाट बचन म हिड्न थालें । जब हिड्न थालें । मेरा पाइलाहरु स्वचालित रोबोट जस्तै आफ से आफ चल्न थालिहाल्यो । म सजिलै गरी हिडिरहेको छु । सुकेका पातपतिङ्गरका खस्याक खुस्रुक आवाजहरु आइरहेको छ । कुनै-कुनै ठाउँहरुमा चाहिँ घुँडा घुँडासम्म आउने गरी बाक्लै पातपतिङ्गरहरु जमेका रहेछन् । जसोतसो भए पनि हिडिरहें । म कुन दिशातर्फ हिडिरहेछु ? ठम्याउन एकदम हम्मे-हम्मे परिरहेको छ । पुग्नु पर्ने गन्तव्य झन् कहाँ होला ? कुनै ठेकान नै छैन । एकै दिशातर्फ एकोहोरो हिडिरहें अनि हिडिनै रहें । अन्दाजी चार घण्टाको हिडाइपछि हिड्दाहिड्दै अचानक झमक्कै रात परिहाल्यो । अब यो निर्जन, एकान्त अनि अनौठो स्थानमा झमक्कै रात परेर गाढा अध्याँरो भएपछि कसरी हिड्न सकिएला र ?

म झल्याँस्स बिउतिएँ । दायाँबायाँ वरिपरि आँखा डुलाएँ । उस्तै गाढा न गाढा रात छ । मैले देखेको सपना स्मरणमा अचानक आइदियो । मैले सपनामा हरियो घना बनजंगल देखेको थिएँ । पक्कै पनि यो शुभ संकेत हुनसक्छ । साच्चै म अघि कुन बेला निदाइहालेछु ? सायद घन्टौं घन्टा हिडेको कारण धेरै थाकेर थाहै नपाई निदाएको थिएँ हुलाँ । अहिले मध्यरातको समय हुनुपर्छ । अब भोलि बिहान कहिले हुन्छ ? ज्योतिको माया, प्रकाशको स्पर्श अनि किरणको आभा यति बेला सम्झनामा बारबार आइरहेको छ । म फेरि निदाउन निदाउन मात्र के लागेको थिएँ । अचानक मेरो आँखाले मेरै नजिक मेरै वरिपरि दियो जस्ता ज्योतिका साना-साना लप्काहरु धीमा-धीमा बलिरहेको देखेँ । ती ज्योतिका साना-साना लप्काहरु सात वटा थिए । अनि ती सातै वटा साना-साना लप्काहरु सात वटा सुकेका पातहरुमाथि अडिएका थिए । म उठेँ । पलेँटी कसेर बसेँ । मेरा वरिपरि बलिरहेका ज्योतिका साना साना लप्काहरु र सुकेका सात पातहरु हेर्दाहेर्दै मर्ज भएर एउटै ज्योति र एउटै पात बनियो । र निक्कै उज्यालो पनि भयो । मैले ज्योतिको मुनि रहेको त्यो एउटै बनिएको पातलाई राम्ररी नियालेर हेरेँ । त्यहाँ सात मानिसहरुका नाम रगतले नै लेखिए जस्तै रातो अक्षरले लेखिएको थियो ।

ती सात नामहरु मेरा सात पुर्खाहरुका नाम रहेछन् । यो तथ्य मेरो आफनै अन्तर्मनले मलाई खुलस्त बताइरहेथ्यो । मैले होइन भन्न सकिन । अविश्वास गर्न पनि सकिन । यो बलेको ज्योति मेरा सात पुर्खाहरुका सात आत्मा एक भएका रहेछन् । मलाई कता-कता डर अनि कता-कता खुशी लागेर आयो । बाँयातर्फ डर र दायाँतर्फ खुशी यी दुई किनारको बीचमा अल्झिएर म नदी झैं बगिरहें । फेरि पनि निदाएँ अनि स्वप्निल संसारमा हराएँ । सायद बिलाएँ पनि । मैले मेरो आँखालाई सुस्तरी सुस्तरी उघारेँ । निदको मातले विस्तारी विस्तारी छोड्न लागेको थियो । कलिलो सूर्यको ताजा किरणले मेरो आँखामा चुम्बन गरिरहेको रहेछ । अब हिज रहेन । प्रकृतिले आजलाई स्वागत गरिसकेकी छे । म उठेँ । उस्तै स्थानमा उभिइरहेको छु । सुकेका पातपतिङ्गर उत्तिकै छन् । आज चाहिँ मलाई यस्तो लागिरहेको छ यी सुकेका पातपतिङ्गरहरु चाहिँ प्रत्येक मृत मानिसका निदाएका आत्माहरु रहेछन् । सूर्य भरखरै उदाएकोले पूर्व दिशा कता रहेछ भनेर आज चाहिँ मैले थाहा गरेँ । सूर्योदयको दृश्यलाई केही क्षण हेरिरहें । मैले सूर्य प्राणायाम प्रणय साथ गरेँ । किनकि मलाई सूर्यबाट उर्जा लिनु थियो । त्यसपछि पशिचमतर्फ पनि हेरेँ । धेरै प...र त्यहाँ अचम्मलाग्दो दृश्य देखेँ । पश्चिमतिरको आकाश चाहिँ कालै थियो । त्यो कालो आकाशमा चन्द्रमा चहकिलो चम्केर चमचमगाइरहेको देखेँ । मैले उत्तरतर्फ पनि हेरेँ । त्यहाँ धेरै प...र ठूलो पहरा खडा रहेछ । त्यो विशाल पहराको फैलावट पूर्वदेखि पश्चिमसम्मै अग्लो पर्खालको रुपमा फैलिएको थियो । पहराको माथि माथि ठाउँ ठाउँमा कालो बादलका बाक्लो मुस्लोहरु लहरै देखेँ । जहाँबाट छिन् छिन्मा चट्याङ्ग परेर बिजुली चम्किरहेको दृश्य पनि देखेँ । दक्षिणतिर पनि आँखा लगाएँ । कालो न कालो भिषण आँधीबेहरी जमिनदेखि आकाशसम्मै मडारिएर पातपतिङ्गरहरु उडाउँदै उत्तरतर्फ भनौं म उभिएकै स्थानतिर आइरहेको देखेँ ।

भीषण आँधीबेहरीबाट सुरक्षित रहन मैले उत्तरतर्फ रहेको पहरातर्फ जाने निधो गरेँ । अनि आँखा बन्द गरेर बेतोड दौडिन थालेँ । लगभग एक घण्टाको दौडाइपछि म पहराको फेदमा आइपुगेँ । केही समय थकाइ मारेँ । अनि पहरालाई माथिसम्मै हेरिपठाएँ । निक्कै अग्लो रहेछ । अचम्म के भने मेरो दाहिनेतर्फ अलि पर पहरामाथि चढ्ने काठको पुरानो कलात्मक भर्याङ्ग पनि रहेछ । प्राचीनकालमै मेरा पूर्खाहरुले बनाएका थिए भन्ने कुरा मेरो आफनै अन्तरमनले मलाई अहिले बताइरहेको छ । म कुनै हतार नगरी आरामले खुड्किलाहरु चढ्न शुरु गरेँ । किनकि दक्षिणबाट आउँदै गरेको भिषण आँधीबेहरी यति बेलासम्म दोबाटो मै बिलाइसकेको थियो । ३६५ वटा खुड्किलाहरु बल्ल बल्ल पार गरिसकेपछि मात्रै पहराको टाकुरामा उक्लिन सफल भएँ । अग्लो टाकुरा भएकोले यहाँ हावा जोड जोडले चलिरहेको रहेछ । यहाँ मैले आनन्दको ठूलो सास फेरेँ । यहाँ उक्लिन त्यति सजिलो भने थिएन । म जहाँबाट आएँ एकपटक त्यहाँ हेरेँ । सुकेका पातहरुले भरिएका हुनाले धेरै पर पर सम्मै जमिन गाढा खैरो रंगको देखिन्थ्यो ।। एक प्रकारले माटैमाटो जस्तै भूभाग देखिन्थ्यो । अघि म तल रहेको बेला यहाँ देखिएका बिजुली निकाल्ने कालो बादलका मुस्लोहरु अहिले टाकुरामा आइपुग्दा चाहिँ देखिएन । म उक्लने बित्तिकै ती बादलहरु कतै पलायन भए होलान् । फेरि ठूलो सास फेरेर उत्तरी भेगतिर हेरेँ । आखाँले हेर्न नभ्याउने हरियो घना जंगल देखेँ । हरियो घना जंगल जहितहि देख्दा अति नै रमाइलो लागेर आयो । मन पनि फुरुङ्ग फुरुङ्ग नै भयो । मैले सपनामा देखेको हरियो जंगल पनि यही नै रहेछ । खुशीले उफ्रिन खोजेकै थिएँ तर सकिन । किनकि दौडाइ, अनि खुड्किलोमा उक्लिँदाको गलाइले म एकदम लखतरान भएको थिएँ । भोक र तिर्खाले पनि मलाई व्याकुल बनाएको थियो । फेरि निन्द्राबाट बिउतिएँ । अहिले आँखा खोलेर वरिपरि हेर्दा म आफूलाई घना जंगलभित्र पाएँ । यस्तो जंगलभित्र छु कि जहाँ पातपतिङ्गरहरु छँदै छैनन् । मलाई अचम्म लागिरहेछ । म यहाँ कसरी आइपुगेँ ? माथि पहराको टाकुराबाट यस जंगलतर्फ झरेको याद नै छैन । हिज त्यो चट्टाने पहराको टाकुरासम्म चाहिँ भर्याङ्ग उक्लेर मरेरै आइपुगेको थिएँ । म जुन स्थानबाट आएँ । त्यहाँ रुखहरु एउटै थिएनन् । जमिनैभरि सुकेका पातपतिङ्गरहरु मात्रै थिए । तर यहाँ चाहिँ भुइँमा सुकेका पातपतिङ्गरहरु छँदै छैनन् । हरिया सप्रेका अग्ला अग्ला रुखै रुखहरु मात्रै छन् । यस्तै अनेकानेक सोच्दै हिडिरको थिएँ । एउटा सानो झुप्रो घर देखियो । खरले छाएको पुरानो घर । यस्तो घना जंगलभित्र यो घर चाहिँ कसले बनाएको होला ? मलाई डर डर लागेर आयो । तर खुशी खुशी पनि लागेर आयो । डर र खुशी दुई किनारा भएर बग्ने नदि भएर म फेरि बगिरहें । त्यो घरमा जाउँ जस्तो पनि लाग्छ । नजाउँ जस्तो नि लाग्छ । तर किन किन मेरा पाइलाहरु नचाहँदा नचाहँदै पनि त्यै घरको ढोकानेर अघि बढिरहन्छ । म ढोकामा उभिन्छु । भित्रबाट "आउ" भन्ने आवाज आएको सुन्छु । ढोका आफैं खोलिन्छ । म भित्र पस्दा एउटा ठूलो टेबल वरिपरि सात जना पाको मान्छेहरु उभिएर मलाई हेरिरहेका थिए । यिनीहरुकै आत्मा मैले अस्तिनै सुकेका पातहरुमा बलेको देखेको थिएँ । उनीहरु प्रत्येकको हातमा एउटा एउटा पातहरु थिए । ती सात पातहरु सुकेका थिएनन् । सबै हरिया थिए । सात जनामा पहिलो पुस्ताको पुर्खाले बोल्नुभयो, "नडराइकन आउ । तिमी हाम्रो आठौं पुस्ता एक जिवित तारा हौ ।"

मैले सम्झिरहें । सुकेका पातपतिङ्गरले भरिएका बृहत समतल भूमी । मैले सम्झिरहें । एकै साथ पूर्वमा उदाएको सूर्य, पश्चिमी कालो आकाशमा चम्किरहेको चन्द्र । मैले सम्झिरहें । उत्तरमा चट्टाने पहराको पर्खाल । दक्षिणमा विशाल कालो विनाशकारी भीषण आँधीबेहरी । कष्ट गरेर विशाल पर्खाल उक्लेको । हरियो घना जंगलमा अचानक पुगेको । सात पुर्खाहरु भेटेको । सम्झेको मात्रै होइन । म ती ठाउँहरु भएर यथार्थ मै हिडिरहेको थिएँ । "तिमीले अघिदेखि पटक पटक के सम्झिरहेको के सोचिरहेको एकोहोरो भएर? संगै बस्दा त कमसेकम केही मीठा बात त गर न । ल राख यो हरियो पात । भरखरै रुखबाट मेरै हातमा झरेको थियो । यसलाई तिमीले तिम्रो डायरीमा च्यापेर राख ।" उनी बोलिन् । म झसँग भएँ । अनि म खुशी भएर चुपचाप त्यो हरियो पात उनको हातबाट लिएँ । त्यो पातमा एउटा शब्द लेखिएको थियो । त्यो शब्द हो "समय" । मलाई लाग्छ, अब फेरि यस्तै पारलौकिक परिभ्रमण गर्ने अर्को 'समय' नजिकै आइरहेको छ । त्यो आउँदै गरेको समयमा चाहिँ 'उनी' र 'म' हामी दुई एक भएर सँगैसँगै परिभ्रमण गर्ने छौँ ।

*-साहित्यपोष्ट डटकम*

# आज 'इदउलफित्र', सरकारले दियो सार्वजनिक विदा

हाम्रा संवाददाता

**पाल्पा,** चैत २८/इस्लाम धर्मावलम्वीहरुले रमजान महिनाको ३० दिनको 'रोजा' व्रत पूरा गरी आज 'इदउत्रफित्र' मनाउँदै छन् । रमदान (रमजान) महिना सकिएको खुसियालीमा मुस्लिम समुदायले एक-अर्कामा शुभकामना साटासाट गरी यो पर्व मनाउने गर्दछन् । केही मुस्लिमले 'इदउलफित्र'को नमाज मस्जिदमा त केहीले 'इदगाह'मा सामूहिक भेला भइ दुई रिकात नमाज पढेर सम्पन गर्छन् ।

नमाज पूरा गरेपछि एकअर्कालाई अंकमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा विभित्र परिकार पकाएर खाने गर्दछन् । रमजान महिना उर्दू पात्रोको अनुसार नवौं महिना हो । यो पर्वको ७० औं दिनमा बकरिद अर्थात 'इदउलअजहा' पर्व मनाउने गर्दछन् । यस अवसरमा मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्दछन् । हिजरी संवतको रमदान महिनाभर (व्रत) बसेका इस्लाम धर्मावलम्वी सौब्वाल महिनाको पहिलो तारिखमा ईद मनाउँछन् । चन्द्रमाको




गतिका आधारमा तय गरिने ईद पर्व रमदान सकिएपछि सुरु हुने शुक्लपक्षमा पहिलेपटक चन्द्रमा देखिएपछि त्यसको भोलिपल्ट मनाउने परम्परा छ ।


ईद पर्वमा अल्लाह (भगवान्) का नाममा विशेष नमाज (प्रार्थना) गर्ने इस्लाम परम्परा छ । ईदका दिन इस्लाम समुदायको मुख्य धार्मिक ग्रन्थ कुरान मोल्वी (धर्मगुरु)ले वाचन गरेर सदविचार र सत्कर्ममा रहन प्रेरित गर्छन् । धार्मिक परम्परामा यो मुख्य पर्व भएको हुँदा नयाँ लुगा लगाउने, सेबईको खिर र मिष्ठान्न परिकार खाने चलन छ । 'इदउत्रफित्र' को अवसरमा सरकारले आज देशभर सार्वजनिक विदा दिएको छ । २०७९ चैत २ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार गृह मन्त्रायले सार्वजनिक विदा दिने निर्णय गरेको हो । बुधबार गृहमन्त्रालयले जारी गरेको सूचनामा इदउलफित्र'को उपलक्ष्यमा सार्वजनिक बिदा दिने उल्लेख गरिएको छ ।

# 'काँग्रेस अब एक ढिक्का भएर अगाडि बढ्छ'

हाम्रा संवाददाता

**रुपन्देही,** चैत २८/नेपाली काँग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले अब पार्टी एक ढिक्का भएर अगाडि बढ्ने बताएका छन् । बुधबार भैरहवामा नेपाली काँग्रेस क्षेत्र नं. ३ रुपन्देहीको आयोजनामा भएको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले पार्टीलाई एक ढिक्का बनाएर अगाडि बढ्ने बताएका हुन् ।

विगतमा पार्टीभित्र आन्तरिक समस्या देखिए पनि अब पार्टी एकढिक्का बनाएर लैजाने दिशा आफु प्रतिवद्ध भएर लागेको उनको भनाई छ । सभापति देउवाले भने 'विगतमा आन्तरिक समस्या थियो तर अब ति समस्या समाधान गर्दै पार्टीलाई एकतावद्ध ढंगले अगाडि बढाउँछु ।' उनले पार्टीका नेता तथा कार्यकर्तालाई पार्टीको हितमा एकजुट भई लाग्न समेत आग्रह गरे । नेपाली काँग्रेसमाथि अहिले धेरै चुनौती थपिएको बताउँदै सभापति देउवाले सबै मतभेद हटाएर चुनौतीको सामना गर्न अहिले आवश्यकता रहेको औल्याए । उनले नेता तथा कार्यकर्तालाई अहिले



पार्टीलाई अप्ठ्यारो पार्ने काम नगर्न पनि आग्रह गरे । फरक प्रसंगमा देउवाले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पहल गर्ने समेत प्रतिबद्धता जनाए । उनले विमानस्थल पूर्णरुपमा सञ्चालन हुन नसक्नु दुःखद रहेको भन्दै यसका लागि आफूले पहल गर्ने उल्लेख गरे । सभापति देउवाले भने 'के कति कारणले विमानस्थल सञ्चालनमा आउन सकेन त्यो बुझेर मैले पहलकदमी अघि बढाउँछु ।'

# गुल्मीका किसान उखुखेतीतर्फ...

...जिल्लामा उत्पादन भएको गुँड तथा खुदो स्थानीय बजार रिडी हुँदै पाल्पा, बुटवल, पोखरा, काठमाडौँका साथै विदेशी बजारसम्म पुग्ने गरेको छ । खुदो प्रतिलिटर एक सय ८० देखि दुई सय ५०, सादा गुँडको एक सय ७० र मसलावाला गुँडको दुई सय ५० मा प्रतिकिलो बिक्री हुने गरेको किसान सन्तोष पौड्यालले बताए । अन्य बालीमा जस्तै उखुमा पनि बाँदर आतङ्कबाट किसानले हैरानी खेप्नुपरिरहेको उनले गुनासो गरे । 'उत्पादन गर्न बाँदर प्रमुख समस्या बनेको छ', पौड्यालले भने, 'बाली जोगाउन सके बजारमा जति पनि बिक्री हुन्छ ।' बाँदर नियन्त्रणका लागि सरकारले ठोस कार्यक्रम ल्याउनुपर्नेमा उनले जोड दिए । हाल गुल्मीमा एक सय ७९ हेक्टर क्षेत्रफलमा उखु लगाइएको ज्ञान केन्द्रले जनाएको छ । वार्षिक दुई करोडको उखु, गुँड तथा खुदो निर्यात हुने गरेको केन्द्रको तथ्याङ्कमा उल्लेख गरिएको छ । जिल्लामा उखु उत्पादन वृद्धि गर्नको लागि कृषि ज्ञान केन्द्रले 'जीतपुर-८' नामको बीउसमेत वितरण गरेको छ । उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न केन्द्रले परीक्षणका रुपमा उखु अनुसन्धान केन्द्रबाट बीउ ल्याएर वितरण गरेको कार्यालयका प्रमुख नवराज भण्डारीले जानकारी दिए । साथै उखु किसानलाई पालिकाले बाँझो जग्गामा अनुदान दिने कार्यक्रम लागु गरेको उनको भनाइ छ । -रासस

## खेलकुद समाचार

# सिटी र रियलबीच बराबरी



**काठमाडौं,** चैत २८/साविक विजेता म्यानचेस्टर सिटी र सर्वाधिक १४ पटकको विजेता रियल मड्रिडले युरोपियन च्याम्पियन्स लिगको क्वाटरफाइनल पहिलो लेगमा ३-३ को बराबरी खेलेका छन् ।

रियलको घरेलु मैदान सान्टियागो बर्नाबेउमा भएको पहिलो लेगमा दुवै टोलीले अग्रता लिए पनि जोगाउ नसकेनन् र खेल बराबरीमा सकियो । बर्नार्डो शिल्भाले दोस्रो मिनेटमै गोल गर्दै सिटीलाई सुरुवाती अग्रता दिलाए पनि सिटीकै रुबेन डियाजको आतमघाती गोलमा १२औं मिनेटमा रियलले खेल बराबरी गरेको थियो । त्यसको दुई मिनेटपछि रोड्रिगोले गोल गर्दै रियललाई अग्रता दिलाए । तर ६६औं मिनेटमा फिल फोडेनले सिटीका लागि बराबरी गोल फर्काए । ७१औं मिनेटमा जस्को गार्डिओलले गोल गरेपछि सिटीले फेरि खेलमा अग्रता बनाउँदै जिततर्फ लम्किएको थियो । तर रियलका फेडरिको भाल्भेरडेले ७९औं मिनेटमा गोल गरी खेल बराबरी गरे । पहिलो लेग रोमाञ्चक बराबरीपछि दोस्रो लेगमा अब दुवै टोलीलाई स्पष्ट जितको आवश्यकता हुनेछ । अर्को क्वाटरफाइनल खेलको पहिलो लेगमा इंग्लस क्लब आर्सनलले जर्मा जायन्ट बायर्न म्युनिखसँग २-२ को बराबरी खेलेको छ । १४ वर्षपछि च्याम्पियन्स लिग क्वाटरफाइनल खेलिरहेको आर्सनलका लागि घरेलु मैदान एतिहाड स्टेडियममा बुकाया साकोले १२औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए । तर १८औं मिनेटमा आर्सनलकै पूर्व खेलाडी सर्ज जिनाब्रीले बायर्नका लागि बराबरी गोल फर्काए । त्यसपछि ह्यारी केनले ३२औं मिनेटमा पेनाल्टीमा गोल गर्दै बायर्नलाई अग्रता दिलाएका थिए । तर ७६औं मिनेटमा लियोन्ड्रो ट्रोसार्डले बर्सनलका लागि बराबरी गोल फर्काए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको गिरावट



**पाल्पा,** चैत २८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १० दशमलव ७१ अंकले घटेर दुई हजार २५ दशमलव ३० को बिन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको ८६ लाख ९६ हजार नौ सय १८ कित्ता शेयर ६१ हजार चार सय २० पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४८ करोड ५६ लाख ६० हजार छ सय ४० बराबरको कारोबार भएको छ । उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह दुई दशमलव ५० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ०३, विकास बैंक एक दशमलव २५, होटल तथा पर्यटन एक दशमलव ६७, जलविद्युत शून्य दशमलव ०४ र लगानी शून्य दशमलव ४० प्रतिशतले घटेको छ । त्यसैगरी जीवन बीमा समूह एक दशमलव २५, लघुवित्त एक दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ७३, निर्जीवन बीमा समूह एक दशमलव ०४ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेको छ । मान्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिंगटी हाईड्रो इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु१२ करोड ५४ लाख ८८ हजार बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने डादी ग्रुप पावर लिमिटेडको दुई लाख ५६ हजार सात सय आठ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई